## नगर सभा सदस्यज्यूहरु

यस गरिमामय सभामा वीरगंज महानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षीक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । स्थानीय तह निर्वाचनमा न्यायप्रेमी महानगरवासीले हामीलाई विजय गराई नागरिकको सेवा गर्ने पुनित अवसर प्रदान गरेको पनि एक वर्ष पूरा भईसकेको छ । यस अवधिमा साथ, सहयोग र सहभागिता जनाउने सरोकारवाला निकाय र सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाई दिदीबहिनीहरुलाई हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलिकरणका लागि भएका ऐतिहासिक आन्दोलन र मधेशको हक अधिकारका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनको क्रममा घाईते तथा अङ्गभङ्ग हुनु भएका योद्धाहरुमा उच्च सम्मान ब्यक्त गर्दछु ।

कोभिड प्रभावित स्थानीय अर्थतन्त्रमा पछिल्लो समय तरलता अभाव र मन्दिले आर्थिक गतिविधिमा शिथिलता आउनुको साथै सरकारले स्थानीय तहको बजेटमा कटौति गरेको सवैमा सर्वविधितै छ । तसर्थ स्थानीय अर्थतन्त्रलाई पुनरुत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकासतर्फ लैजानु जरुरी छ । सुन्दर, समुन्नत, समृद्द र वैभवशाली वीरगंज निर्माण गर्ने हाम्रो संकल्प, समस्त वीरगंजवासीको चाहाना र निर्वाचनमा हामीले व्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमलाई अगाडि बढाएका छौँ ।

दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण, गुणस्तरीय पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षा, स्वास्थ्य, धार्मिक तथा पर्यटकीय गन्तव्य, डिजिटल प्रशासन, योजनाबद्द शहरीकरणको विस्तार, स्वच्छ, सफा र सुन्दर वीरगंज शहरको पहिचान स्थापित गर्नु यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकताहरुको रुपमा लिईएको छ । यसै सन्दर्भमा महानगरपालिकाको प्रमुखको हैसियतले म महानगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ मा कार्यान्वयन गरिने मूलभूत नीतिहरु देहाय बमोजिम प्रस्ताव गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## विशेष

चालु आ.व. २०७९/०८० मा यस महानगरका बढीमा ३० युनिटसम्म विद्युत खपत गर्ने गरिब तथा विपन्न परिवारहरुको ग्राहस्थ मिटरको न्युनतम मासिक शुल्क र विद्युत महशुल शुल्कको भुक्तानी र कृषि उब्जनी बढाउनका लागि महानगरका किसानहरुको सिचाई मिटरको सम्पुर्ण विधुत महशुल भुक्तानीको दायित्व श्रावण १ गते देखि लागुहुने गरि वीरगंज महानगरपालिकाले व्यहोर्ने व्यवस्था गरिएकोमा आगामी आ.व. देखि नेपाल सरकारले नै ग्राहस्थ मिटरमा ३० देखी ५० युनिट सम्मको विद्युत महशुल निशुल्क गर्ने निर्णय गरेको हुँदा वीरगंज महानगरले ग्राहस्थ मिटरमा दिने अनुदानको व्यवस्था हटाई कृषि मिटरमा दिईएको अनुदानलाई कायमै राखिएको छ ।

सामूदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि, सबैका लागि अनिवार्य निशुल्क स्तरीय शिक्षा तथा महानगरवासी शिक्षित युवावर्गलाई स्वयंसेवा मार्फत शैक्षिक उन्नयनमा योगदान दिने अवसर प्रदान गर्न विद्यालय शिक्षा स्वयंसेवा कार्यक्रम संचालनको विशेष नीति लिइनेछ । पर्यटन मार्फत आर्थिक गतिविधिलाई गतिशिलता दिन वीरगंजलाई धार्मिक पर्यटन क्षेत्रको रुपमा अगाडि बढाईनेछ ।

## १.जनमुखी प्रशासन र सार्वजनिक सेवा तथा क्षमता विकास

**(क)** चालु आ.व. मा "सुशासन" लाई प्रशासन तथा सेवा प्रवाहको मूलमन्त्र बनाई सेवालाई सुलभ र पारदर्शी बनाईएकोमा आगामि आ.व.मा परम्परागत शैलिलाई विस्थापित गर्दै अनलाईन सेवा प्रणालीमा जोड दिई नतिजामुखी प्रशासनको प्रत्याभूत गरिनेछ ।

(ख) अनावश्यक खर्च कटौति गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानि बढाईने छ ।

**(ग)** सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका स्थानीय अर्थतन्त्रका सबै अवयवहरु समाविस्ट हुने गरी नगरको Digital City Profile तयार गरिनेछ ।

**(घ)** आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा नगरको बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौट गर्ने कार्य अगाडि बढाईनेछ ।

**(ङ)** महानगरको योजना तथा कार्यक्रमहरुको व्यवस्थापन गर्न महानगर कार्यालयको मानव संशाधन पर्याप्त नभएकाले सम्बन्धित विषयका विज्ञहरुलाई सहजिकरणकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

**(च)** वीरगंज महानगरपालिकामा कार्यरत साविकका अधिकृत स्तर छैठौं (शिक्षक, शिक्षीका, कम्प्युटर अधिकृत छैठौं प्राविधिक) मा कार्यरत योग्यता पुगेका ईच्छुक कर्मचारीलाई प्रशासन समुहतर्फ प्रचलित कानुन बमोजिम पद परिवर्तन गरिनेछ ।

**(छ)** जनप्रतिनिधीहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

**(ज)** महानगरबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ । र सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा महानगरपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ । स्थानीय संचार माध्यममार्फत महानगरीय कृयाकलाप आम जनतामा सूचित गर्न विशेष पहल गरिनेछ ।

**(झ)** महानगरबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

**(ञ)** आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गरी दोषिलाई कारवाहिको दायरामा ल्याईनेछ ।

(ट) नगर प्रहरीलाई थप व्यवस्थीत र आधुनीक बनाई नगरको सेवामा थप जिम्मेवार बनाईनेछ ।

## २. शिक्षा

**(क)** शिक्षामा सवैको पहुँच स्थापित गर्न विद्यालय भर्ना अभियान चलाईने छ ।

**(ख)** विद्यालयमा बालमैत्री वातावरण निर्माण गरि शिक्षण सिकाई सामग्रि, पुस्तकालय र खेलकुदका सामग्रिको उचित व्यवस्था गरिनेछ ।

**(ग)** नगर शिक्षा नियमावली, नगर शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ ।

**(घ)** वीरगंज महानगरपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

**ङ)** अतिरिक्त क्रियाकलाप र विविध समूदायका जातीय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्दतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।

**(च)** विद्यालय बाहिर रहेका र बीच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पूरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।

**(छ)** विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।

**(ज)** संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरि वैज्ञानिक शुल्क निर्धारण चालु आ.व.बाटै प्रारम्भ भएकोमा आगामी आ.व.मा थप परिष्कृत गरि लागु गरिनेछ ।

**(झ)** शहिद परिवारका छोराछोरी गरिब, जेहेन्दार विद्यार्थी, अपाङ्ग, असहाय तथा सीमान्तकृत समुदायका विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

**(ञ)** अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक नयाँ सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई प्रारम्भिक तहबाट सबै सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट शिक्षण कार्य प्रारम्भ गरिनेछ ।

**(ट)** विषयगत शीक्षकहरुको अभिलेख व्यवस्थापन गरी नगरको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ ।

**(ठ)** शैक्षिक कार्यतालिका अनुसार नियमीत अनुगमन गरी पृष्ठपोषणको आधारमा प्रद्यानाध्यापक र शिक्षकलाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने ।

**(ड)** शैक्षिक गुणस्तर बृद्दि गर्न विद्यालय व्यवस्थापन समिति, प्रद्यानाध्यापक र शिक्षकसँग कार्य सम्पादन करार सम्झौता अनिवार्य गरीनेछ ।

**(ढ)** पुर्ण साक्षर वडा घोषणा गर्दै पूर्ण साक्षर महानगरको अभियान चलाईनेछ ।

**(ण)** संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयनमा ल्याईनेछ । दर्ता नगरी अवैधानिक तवरबाट संचालित विद्यालयहरुलाई प्रचलित कानुनको अधिनमा रही नियमन गरिनेछ ।

(**त**) सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

(**थ**) विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ ।

(**द**) नगर क्षेत्र भित्रका गुरुकुल, मदर्शा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ ।

(**ध**) महानगरभित्र दर्ता वा स्वीकृती नलिई वा दर्ता गरे भन्दा बढी कक्षा वा तहको अध्ययन अध्यापन कार्य संचालन गरेका विद्यालय तथा कलेजहरुलाई कानुनी दायरामा ल्याईनेछ ।

(**न**) पेशा प्रति थप जिम्मेवार र प्रतिबद्द बनाउनका लागि शिक्षकको विमा गरिनेछ ।

(**प**) आर्थिक रुपमा सबल बनाउन युवाहरुलाई पढाई सँगै रोजगारको निति लिईनेछ ।

## ३. स्वास्थ्य

(**क**) महानगरमा रहेका स्वास्थ्य चौकि तथा बर्थिङ सेन्टरको स्तरोन्नती गरी प्रयोगशाला सहितको विशेषज्ञ स्वास्थ्य सेवा विकेन्द्रित रुपमा उपलब्ध गराईनेछ ।

(**ख**) आधारभुत स्वास्थ सेवाहरु निशुल्क उपलब्ध गराईनेछ ।

(**ग**) जेष्ठ नागरिक, महिला, बालबालिकाको लागि औषधी उपचार, गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको लागि पोषणयुक्त खाद्यान्नको व्यवस्था गरिनेछ ।

(**घ**) सस्तो र गुणस्तरीय सरकारी स्वास्थ्य सेवाको लागि नारायणी अस्पतालमा जनशक्ति, उपकरण तथा पूर्वाधार विकासमा सहयोग गरिनेछ । मृगौला रोगीहरुको डायलासिस सेवा सूचारु गर्न विशेष सहयोग उपलब्ध गराइनेछ ।

(**ङ**) महिला स्वयं सेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी बनाईनेछ ।

(**च**) स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीति लिईनेछ ।

(**छ**) स्वास्थ्य क्लिनिकहरुले प्रदान गर्ने आधारभूत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ ।

**(ज)** मापदण्ड विपरीत सञ्चालीत निजि क्षेत्रका अस्पताल, क्लिनिक, प्रयोगशाला जस्ता संस्थाहरुको अनुगमन तथा कारवाहिलाई निरन्तरता दिईनेछ ।

**(झ)** राष्ट्रिय प्रयोगशालाको दररेटमा सेवा उपलब्ध हुने गरि महानगरको आफ्नै प्रयोगशाला सञ्चालनमा ल्याईनेछ ।

**(ञ)** महानगरभित्र रहेका क्षयरोगीहरुको संख्या शुन्यमा झारी क्षयरोगमुक्त वीरगंज घोषणा गरिनेछ र यसको दिगोपन कायम राख्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ट)** सरकारद्वारा निःशुल्क प्रदान गरिने आयुर्वेदिक औषधी तथा सेवाको जानकारी, उपयोग र प्रयोगमा जोड दिइने छ ।

**(ठ)** योग र आयुर्वेदको चिकित्सा पद्धतिसम्बन्धी सचेतना कार्यक्रम र व्यायामशालाको स्थापना गरिने छ ।

**(ड)** स्वास्थ सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गर्नुका साथै कोभिडजस्ता महामारी पुनः देखिनसक्ने भएकोले त्यसविरुद्द पूर्व तयारीका योजनाहरु बनाईनेछ ।

**(ढ)** नगरवासीलाई सुलभ दरको औषधि उपलब्ध गराउन परोपकारी संस्थासँग सहकार्य गरिनेछ ।

**(ण)** आमा सुरक्षा कार्यक्रम तर्फ नारायणी अस्पतालबाट प्रसुती सेवा दिँदा विपन्न महिलाहरुलाई ब्लड बैंकबाट निशुल्क रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**(त)** यस आ.व.देखी नारायणी अस्पतालको सरसफाईको सम्पुर्ण जिम्मेवारी वीरगंज महानगरपालिकाले लिनेछ ।

## ४. खानेपानी तथा सरसफाई

**(क)** वीरगंज महानगरपालिकालाई स्वच्छ, सफा र सुन्दर बनाउन फोहर व्यवस्थापन र नाला सफाईलाई निरन्तरता दिँदै लामखुट्टे नियन्त्रणलाई प्रभावकारी बनाउन **'खुला नाला मुक्त शहर'** को अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

**(ख)** **'म सफा राख्छु मेरो घर आंगन, हामी सफा गर्छौं हाम्रो वडा'** भन्ने मूल्यमान्यता आत्मसात गरि सरसफाईको लागि आवश्यक सम्पूर्ण उपकरण तथा जनशक्तिको व्यवस्थापन र परिचालनको जिम्मेवारी वडा कार्यालयलाई दिईनेछ । नगरका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरि सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनुका साथै पुराना शौचालयहरु मर्मत सम्भार गरि व्यवस्थित गरिनेछ ।

**(ग)** नगर भित्रका सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली, सुन्दर र सफा राख्ने कार्य गरिनेछ । टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग नगरको फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।

**(घ)** अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

**(ङ)** घर-घरमा पालिएका कुकुरहरुको दिशा पिसाबजन्य फोहोर सम्बन्धित कुकुर धनिले घर भित्रै व्यवस्थापन गर्नु पर्ने छ । सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कारवाही गर्ने नीति लिइनेछ ।

**(च)** शहरभरी जालो झैँ जेलिएका टेलिफोन, ईन्टरनेट, तथा टेलिभिजन सेवा प्रदायकहरुका तार र जथाभावी राखिएका होर्डिङ बोर्ड व्यवस्थित गरि नगर सौन्दर्य प्रवर्द्धन गरिनेछ ।

**(छ)** प्लास्टिकको कालो झोलाको प्रयोग न्यूनीकरण गर्दै सबै प्रकारका प्रदूषण नियन्त्रण गर्नुका साथै सरसफाई र फोहर व्यवस्थापन सम्बन्धि बृहत जनचेतनाका कार्यक्रम सञ्चालन गरिने छ ।

**(ज)** गर्मियाममा यस महानगरमा देखिएको खानेपानीको समस्या तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका उपायहरुको खोजी गरी लागु गरिनेछ । मुख्य स्थानहरुमा '**Water ATM**' प्रणाली स्थापना गरिनेछ ।

**(झ)** नेपाल खानेपानी संस्थान सँगको सहकार्यमा खानेपानीका जीर्ण तथा पुराना पाइप, हाइड्रोइलेक्ट्रिकल लगायतका संरचनाहरु मर्मत सम्भार गरि पानी आपूर्तीमा अवरोध श्रृजना नहुने गरी व्यवस्था मिलाइनेछ ।

**(ञ)** पानीको श्रोत संरक्षण गर्न पुराना ईनार र कुवाको मर्मत सम्भार गरिनेछ र थप नयाँ ईनार खन्ने अभियानको थालनी गरीनेछ ।

**(ट)** हाललाई १८ वटा वडामा शुरुवात गरिएको ४ हजार धारा जडानको कार्यलाई अन्य वडमा पनि विस्तार गरी १० हजार घरधुरीमा निशुल्क धारा जडानको लक्ष्य लिईनेछ ।

**(ठ)** नगरका विभिन्न विद्यालय र सार्वजनिक स्थानमा गरी ३० स्थानमा डिप बोरिङको व्यवस्था गरिनेछ ।

## ५.शहरी योजना तथा पूर्वाधार विकास

**(क)** पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “नगर आयोजना बैंक” तयार गरिने छ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

**(ख)** विगत ३५ वर्षदेखी अलपत्र परेको वीरगंज वडा नं. २५ सिर्सिया खल्वाटोलामा वीरगंज नगर विकास समितिको व्यवस्थित शहरी विकास योजनाको जग्गा छुट्याउने कार्य सम्पन्न भईसकेकोले सम्पूर्ण पूर्वाधार व्यवस्थापन गरि नयाँ शहरको रुपमा विकास गरिनेछ ।

**(ग)** वीरगंज महानगरपालिकाका ग्रामिण वडाहरुमा पक्की कालोपत्रे सडक सञ्जाल विस्तार गरि मुख्य बजार र केन्द्रसँगको पहुँच सहज तुल्याउँदै नालामा पहुँच विस्तारका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

**(घ)** नगर भित्रका सडक पूर्वाधार, ट्राफिकको वैज्ञानिक व्यवस्थापन र दीर्घकालिन लगानी मार्ग दर्शनका लागि नगर सडक गुरुयोजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

(ङ) एकिकृत शहरी विकास योजनाले निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

(च) नगरको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरु पहिचान गरी नगर गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा स्रोतको अभाव हुन दिइने छैन ।

(छ) एकिकृत शहरी विकास योजना तर्जुमा गरि अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ । घर नम्बर वितरण कार्यको सुरुवात गरिनेछ ।

(ज) वीरगंज चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरि उक्त सडकका पूर्व-पश्चिम र उत्तर-दक्षिण लिङ्क रोडहरु निर्माण गर्ने अवधारणा कार्यान्वयन गरिनेछ ।

(झ) विगत लामो समयदेखी नगरवासीको धनजनको क्षति गर्दै आएको भेडाहा खोलामा बाँध बाँध्ने कार्यलाई निरन्तरता दिईनेछ । सिर्सिया नदीको दायाँबायाँ नक्सा बमोजिमको खोला क्षेत्र छुट्याई दुबै तर्फ सडक निर्माण, वृक्षारोपणद्वारा हरियाली प्रवर्द्धन गरि सिर्सिया हरित करिडोर विकास कार्य अघि बढाउन सबै तहका सरकारसँग सहकार्य गर्ने नीति लिइनेछ ।

(ञ) वीरगंज वडा नं. ९ स्थित लालबंगलाको जग्गामा सिटी हल निर्माणको कामलाई मूर्त रुप दिईनेछ ।

(ट) विगतका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

(ठ) घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नगरवासीलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ ।

**(ड)** नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमी व्यवस्थापन तथा भवन नियमन सम्बन्धि ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरि सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**(ढ)** नगर क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ । आवासीय भवनमा "एक घर-दुई विरुवा" नीतिलाई कडाइका साथ लागु गर्नुका साथै पानी रिचार्जको व्यवस्था गर्नुपर्ने नियमलाई अनिवार्य गरिनेछ ।

**(ण)** सेवा ग्राहिले जुनसुकै ठाउँबाट भवन निर्माण ईजाजतको लागि आवेदन दिन मिल्ने र आफ्नो काम कुन तहमा पुगेको छ भनी हेर्न मिल्ने गरी Electronic Building Permit System (EBPS) लागु गरी परम्परागत नक्सा पास प्रकृयालाई विस्थापित गरी आधुनिकिकरण गरिनेछ ।

**(त)** नगरवासीको व्यक्तिगत सम्पत्ति सित जोडिएका कागजातको सुरक्षा एवं भवन निर्माण ईजाजत पत्र सम्बन्धि फाईल नभेटिने समस्या समाधान गर्न Digitization, Digitalization र Digital Formation को प्रकृया थालनी गरी भवन ईजाजत शाखाका १५ हजार पुराना फाईलहरु व्यवस्थीत तरिकाबाट बर्गिकृत तथा सुचीकृत गर्ने तथा EBPS प्रणालीमा अपलोड गरिनेछ ।

**(थ)** ग्रामिण वडाहरुमा निर्माण सम्पन्न भएका तर नक्सा पास नभएका र अन्य वडाहरुमा समेत नक्सा पास नभई निर्माण भएका र मापदण्ड नपुगेका भवनहरुको अभिलेख राख्न र तिनलाई नक्सा पास प्रकृयाको दायरामा ल्याउन वीरगंज महानगरको नक्सा पास अभिलेखीकरण कार्यविधि २०७९ लागु गरिनेछ ।

**(द)** महानगरभित्र पानीको सतह घट्दै गएकोले भवन निर्माण ईजाजत लिँदा अनिवार्य रुपमा तोकिएको Rain Water Harvesting प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

**(ध)** महानगर क्षेत्रभित्र नयाँ बन्ने भवनहरुमा सडकतर्फ ५ फिट सेट ब्याक छाडि घर बनाउनु पर्नेछ । सडक अधिकार क्षेत्र (Right Of Way) बाहेक सेटब्याक क्षेत्रमा सुरक्षाको हिसाबले अस्थायी प्रकृतिको गारोको पर्खाल (Load Bearing) कम्पाण्डवाल लगाउन सकिनेछ ।

**(न)** महानगर क्षेत्र भित्र व्यवसायीक प्लटिङ गर्नेहरुले अनिवार्य रुपमा प्लटिङ स्वीकृति लिनुपर्नेछ र व्यवस्थित शहरीकरणको लागि महानगरले तोके बमोजिमको बाटोको चौडाई तथा सेटब्याक लगायत मापदण्ड पालना गर्नुपर्नेछ । प्लटिङ अनुमतीको लागि प्रतिधुर १०००/- ( एक हजार) शुल्क लाग्नेछ । प्लटिङ क्षेत्रभित्रको सडकलाई अनिवार्य रुपमा सार्वजनिक सडक कायम गर्नुपर्नेछ ।

**(प)** नगर भित्र भू-उपयोग नीति लागु गर्ने नीति लिइनेछ ।

**(फ)** महानगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

**(ब)** वीरगंज महानगरपालिकाको सिमा क्षेत्र यकिन गरि नगर सिमानामा कलात्मक तथा वीरगंजको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ ।

**(भ)** व्यवस्थित गोदाम, पार्किङ्ग र अन्य सुविधा सहित सार्वजनिक निजी साझेदारिमा ट्रान्सपोर्ट नगर निर्माणको प्रकृयालाई अगाडि बढाईनेछ ।

**(म)** वीरगंज घण्टाघर नजिकको खाली जग्गामा भएको बजारलाई स्थानान्तरण गरि आधुनिक पार्क निर्माणको कार्यलाई अगाडि बढाईनेछ ।

**(य)** जिल्ला प्रहरी कार्यालय पर्सा परिसर भित्र आधुनिक CCTV Control Room निर्माण सम्पन्न गरि महत्वपूर्ण स्थानहरुमा CCTV जडान गरि वीरगंजलाई सुरक्षित शहर तुल्याउँदै सुरक्षा प्रणालीलाई डिजिटलाईज गरिनेछ । साथै विद्यालय, वडा समिति र स्वास्थ्य चौकिहरुलाई पनि सिसिटिभीको सञ्जालमा जोडिनेछ ।

**(र)** वीरगंज महानगरपालिकामा रहेका घरधुरीहरु, सार्वजनिक भौतिक संरचना तथा अन्य विवरण आधुनिक विधि मार्फत् यकिन तथ्यांक संकलन गरि स्थानीय तथ्यांक प्रणाली सुदृढ तुल्याइनेछ ।

**(ल)** वीरगंज १७ कोनियामा रहेको सार्वजनिक जग्गामा ताल निर्माणका साथै पर्यटक भित्र्याउने गरी आधुनिक पार्क निर्माणको काम गरिनेछ ।

**(व)** घण्टाघर अगाडि खाली जमिनमा रहेको तरकारी बजारलाई अन्यत्र सारी व्यवस्थीत गरिनेछ ।

**(स)** वीरगंज क्षेत्रमै विद्युतको प्रयोग हुने गरी सोलारबाट विजुली उत्पादन गर्न निजी संस्थासँग सहकार्य गरी विस्तृत अध्ययन अगाडि बढाईनेछ ।

**(ष)** सडक निर्माण तथा अन्य भौतिक संरचना निर्माणको गुणस्तर बृद्धि गर्न Leno-Net प्रविधिको प्रयोग गरिनेछ ।

ह) सडक निर्माण तथा अन्य भौतिक संरचना निर्माणको गुणस्तर बृद्धि एवं छिटोछरितो कार्य सम्पन्न गर्नको लागि Ready Mix Concrete (RMC) ढलान अनिवार्य प्रयोग गराइनेछ ।

## ६. राजश्व तथा आन्तरिक श्रोत परिचालन

**(क)** वीरगंज महानगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।

**(ख)** **'तपाईंले तिरेको कर, तपाईंकै सेवा सुविधाको लागि, आफ्नै शहर निर्माणका लागि'** भन्ने आत्मबोध एवं अनुभूति हरेक नागरिकले गर्न सक्ने गरि स्रोतको कुशल उपयोग गर्दै करको सहभागिता बढाइने छ ।

**(ग)** वडा कार्यालयहरुसँग समन्वय गरि घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

**(घ)** विगतदेखि लिज वा वहालमा लगाइएका महानगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानि बहाल रकम पुनरावलोकन गरिनेछ ।

**(ङ)** आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धि ऐन तथा नियमावली तर्जुमा गरि राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ ।

**(च)** प्रगतिशिल कर प्रणाली अवलम्बन गरि नागरिकबिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।

**(छ)** करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।

**(ज)** करदाताहरुलाई आफूले तिर्नु पर्ने कर दायित्व र कर तिर्ने समयसिमा समयमै जानकारी दिन निजहरुको मोर्बाइल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ ।

**(झ)** कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री बनाउँदै लगिनेछ ।

**(ञ)** सम्पत्ति तथा भूमीकर चालु आ.व.को असोज मसान्त भित्र बुझाएमा १० प्रतिशत छुट र कार्तिक देखि पौष मसान्त भित्र बुझाएमा ५ प्रतिशत छुट दिईनेछ । पौष मसान्त भन्दा ढिलो गरेमा त्यस्तो छुट दिईनेछैन । विद्यालय, कलेज (मेडिकल कलेज बाहेक) हस्पिटल, सपिङ्ग मल, होटल, उद्योग र कलकारखानाहरुलाई दिईंदै आएको छुटलाई कायमै गरिएको छ

**(ट)** व्यवसायकर चालु आ.व.को पौष मसान्त भित्र बुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

**(ठ)** कृषिजन्य उद्योगहरुलाई व्यवसाय करमा दिईदै आएको ५० प्रतिशत छुटलाई निरन्तरता दिईएको छ र प्रदुषण गर्ने, प्लाष्टिकजन्य सामान उत्पादन गर्ने, स्वास्थ्यका लागि हानिकारक मदिरा, गुटखा, तम्बाखु उत्पादन गर्ने उद्योग, फलाम, सिमेन्ट, जंकफुड, पेन्ट्स उद्योगलाई व्यवसाय करमा ५० प्रतिशत थप गरी कर लिने व्यवस्थालाई कायम राखिएको छ ।

**(ड)** सडक तथा सार्वजनिक स्थलमा जथाभावि फोहर, रसायनजन्य बस्तु फाल्ने व्यक्ति तथा संस्थालाई न्यूनतम ५००/- देखि ५०,०००/- सम्म जरिवाना गर्ने व्यवस्था गरिएको छ ।

**(ढ)** औद्योगिक प्रदुषणलाई नियन्त्रण गर्न वातावरण संरक्षण ऐन/नियमावली बमोजिम कारवाहि गरिनेछ ।

**(ण)** यस महानगरको १७ देखि ३२ सम्मका वडाहरुमा नक्सा पास नगरी बनेका घरधुरीहरुले आगामी आर्थिक वर्ष २०८०/०८१ को पौष मसान्त सम्ममा आफ्नो घरको नक्सा तयार गरी पास गर्न महानगरमा निवेदन दिएमा नक्सा पास बापत लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाईनेछ ।

**(त)** महानगरपालिकाभित्र दर्ता नगरी व्यवसाय गरेका व्यवसायी र घर तथा भवन बहालमा लगाई बहाल कर नतिरेका व्यवसायी एवं घरमुलीले आगामी आर्थिक वर्ष २०८०/०८१ को पौष मसान्त भित्र व्यवसाय दर्ता गर्न र घर बहाल कर तिर्न आएमा तोकिएको प्रतिशतले हुन आउने रकम छुट दिने व्यवस्था मिलाईनेछ ।

## ७. कृषि तथा पशुपन्छी

**(क)** जग्गा बाँझो राखेर आयातमा निर्भर हुने परिपाटी अन्त्य गर्न महानगरका खाली रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुमा कृषक समूहहरुसँग करार गरि सामूहीक बाली तथा तरकारी खेती गरिनेछ । हरीत वीरगंज अभियानलाई सार्थक बनाउन सार्वजनिक जग्गाहरुमा बृक्षरोपण गरीनेछ ।

**(ख)** कृषकलाई सहुलियत दरको मल, बिउ, निशुल्क सिचाई तथा व्यवसायिक तरकारी खेती तालिम र स्थलगत घुम्ती तालिमको व्यवस्था गरिनेछ ।

**(ग)** विषादी मुक्त तरकारीको लागि महानगरको निश्चित क्षेत्रमा अर्ग्यानीक जोनको निर्माण गरिनेछ ।

**(घ)** घरबाट निस्कने कुहिने फोहरबाट कम्पोष्ट मल बनाउन पाईलट प्रोजेक्ट सञ्चालन गरिनेछ ।

**(ङ)** शिक्षा र कृषिलाई सँगसँगै लैजान व्यवहारमा आधारित कृषि शिक्षा विस्तार गरिनेछ ।

**(च)** बालिमा लाग्ने रोग तथा किराहरु नियन्त्रण गर्न उपयुक्त स्थानमा आधुनिक कृषि ल्याब निर्माण गरिनेछ ।

**(छ)** रासायनिक मलको सट्टामा जैविक मल र जैविक विषादी स्थानीय स्तरमै उत्पादन तथा प्रयोगको तालिम सञ्चालन गरिनेछ ।

**(ज)** कृषि प्रसारको आधुनिक सिप तथा तालिम अगुवा कृषकहरुको लागि व्यवस्थापन गर्नुका साथै विभिन्न स्थानका कृषकहरुविच ज्ञान आदान-प्रदान गर्न कृषि मेलाको आयोजना गरिनेछ ।

**(झ)** नवीन कृषि पद्दतिको अध्ययन अनुसन्धानका लागि कृषकहरुलाई नमूना कृषि खेती भएका क्षेत्रमा भ्रमणको व्यवस्था मिलाईनेछ ।

**(ञ)** महानगरका कृषकलाई कृषिमा आत्मनिर्भर हुँदै व्यवसायिक खेती गर्न आवश्यक सहयोग गरिनेछ

**(ट)** कृषकलाई कृषि तथा पशुपंछिमा लाग्ने बिमा शुल्कमा सहभागितामुलक अनुदानको व्यवस्था मिलाईनेछ ।

**(ठ)** कृषकको आयआर्जनमा बृद्धि गर्न नगदेबाली, च्याउ खेती, पुष्प खेती, जडिबुटी खेती, माहुरी पालन, माछापालन लगायतको उत्पादनमा सहयोग गरिने छ ।

**(ड)** रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ ।

**(ढ)** कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै व्यवसायीकरण गरिनेछ ।

**(ण)** नगर भित्रका कृषकहरुको वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।

**(त)** उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको नगर भित्र समर्थन मूल्य निर्धारण गरिनेछ ।

**(थ)** महानगरको ग्रामिण वडाहरुमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, शीत भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ ।

**(द)** कृषकलाई उन्नत जातका पशुपंछि अनुदानमा वितरण गरी दुध तथा मासुको उत्पादन बृद्दि गर्ने नीति लिईनेछ ।

**(ध)** मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ ।

**(न)** वडा नं. २७ लाई मा विस्तृत अध्ययन गरी दुग्धजन्य उत्पादनको हबको रुपमा विकास गर्ने कार्यको थालनी गरिनेछ ।

## ८. वातावरण तथा विपद व्यवस्थापन

**(क)** पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन ( EIA) अध्ययन गरिनेछ ।

**(ख)** ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।

**(ग)** भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

(**घ**) नगर विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी स्रोत परिचालन गर्नुका साथै आगलागि नियन्त्रणका लागि नयाँ दमकल खरीद गरीनेछ । साथै दमकल कर्मचारीको लागि पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

(**ङ**) नगरको विपद् जोखिम नक्साङ्कन गरि सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनरुत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।

(**च**) शहरलाई हरियाली बनाउन बृक्षरोपण, शहरी बन कार्यक्रम र निजी बनलाई प्रोत्साहन गरिनेछ ।

(**छ**) महानगरबाट घरको नक्सा पास गर्दा १ घर बराबर कम्तिमा २ वटा बिरुवा अनिवार्य रुपमा हुर्काउनै पर्ने नियम लागु गरिनेछ ।

(**ज**) सार्वजनिक जग्गा पहिचान गरि त्यस्ता जग्गामा यसै आ.व. बाट तारबार गरि बृक्षरोपण गरिनेछ ।

(**झ**) महानगरपालिका भित्रका सबै सार्वजनिक पोखरी संरक्षण गर्नुका साथै सिर्सिया नदिलाई प्रदुषणमुक्त बनाई पुरानै अवस्थामा फर्काउन उधोगहरुको पानी प्रशोधन गरेर मात्र निकास गर्नुपर्ने व्यवस्था लागु गरिनेछ । सिर्सिया नदी प्रदुषण गर्ने उद्योगहरुलाई कानुनी कारवाहिको प्रकृयालाई निरन्तरता दिईनेछ ।

## ९.उद्योग, संस्कृती तथा पर्यटन

(**क**) लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढिकरण गर्दै स्थानिय स्तरमा पर्यटन बोर्ड स्थापना गरी उद्योग र पर्यटन विकासको नीति लिइनेछ ।

(**ख**) युवाहरुको लागि सिप विकास केन्द्रको स्थापना गरि सिप सिकेका युवाहरुलाई सिपको अभ्यास गर्ने वातावरण बनाईनेछ ।

(**ग**) महिला दिदीबहिनीहरूलाई सामुहिक रुपमा रोजगार उपलब्ध गराउन महिला औद्योगिक ग्राम स्थापना गरिनेछ ।

(**घ**) स्थानीय उत्पादनलाई प्रोत्साहन र प्रवर्द्धन गर्न मेड ईन वीरगंज (Made in Birgunj) को अवधारणा अघि बढाईनेछ ।

**(ङ)** वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सको व्यवसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ ।

**(च)** उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनीक प्रकृयालाई प्रविधिमैत्री बनाउँदै सरलीकरण गरिनेछ ।

**(छ)** सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुऱ्याईनेछ ।

**(ज)** वीरगंजको बजारलाई थप चलाएमान बनाउन र आर्थिक गतिविधिमा बृद्दि गर्नका लागि रात्रि बजारलाई निरन्तरता दिइनेछ ।

**(झ)** नगर भित्रका पर्यटकीय स्थलहरु जोड्न Tourist Road Network (पर्यटकीय सडक संजाल) कार्यान्वयनमा ल्याईनेछ ।

**(ञ)** महानगरपालिकाको धार्मिक तथा पर्यटकीय स्थल विन्दवासिनी मन्दिर, पिपराको नृसिङ्ग मन्दिर र भुटनदेवी मन्दिरको डीपीआर तयार भईसकेकोले यसै आ.व. देखि निर्माण कार्य अगाडी बढाइनेछ र महानगरका अन्य मठ मन्दिरको सौन्दर्यकरण गर्ने कार्यको थालनी गरिनेछ ।

**(ट)** मुख्य शहरको चोक र नगरका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय दिई पर्यटक आकर्षण गर्न डिजिटल डिस्प्ले राख्ने नीति लिईनेछ ।

**(ठ)** अन्तर नगर सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरि पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरुसँग समेत भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

**(ड)** नगर भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि Documentary प्रसारण र ब्रोसर (Brochure) वितरण गरिनेछ ।

**(ढ)** नगर भित्र बोलिने विभिन्न जातजातीका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन, प्रकाशन तथा भोजपुरी चित्रकलाको प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

**(ण)** भोजपुरी कला (Arts)मार्फत शहर सौन्दर्यकरणमा जोड दिइनेछ ।

(**त**) नगर भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।

(**थ**) जेष्ठ नागरिकहरुका लागि धार्मिक आस्थाअनुसार तिर्थ यात्रा, हज यात्रा र अन्य धार्मिक भ्रमणको व्यवस्था गरिनेछ ।

द) २०६२/०६३ को मधेश आन्दोलन तथा २०७२ को पहिचानको संघर्षमा सहादत प्राप्त गर्नुभएका शहिदको सम्मानमा घण्टाघर नजिक निर्मित शहिद पार्कमा थप २ जना शहिदको शालिक राखिने छ ।

## १०.सार्वजनिक सम्पत्ति

(**क**) सार्वजनिक मठ, मन्दिर, गुम्बा, गुरुद्वारा, मदर्सा, गुरुकुल आदिको संरक्षण, सम्वर्द्धन एवं उपयोग गरिने छ ।

(**ख**) महानगरपालिका भित्र अतिक्रमणमा परेका सार्वजनिक तथा सरकारी जग्गाहरु मिहिन ढंगले खोज तथा अध्ययन गरि महानगरको मातहतमा ल्याउने कार्यलाई अझ प्रभावकारी तुल्याइनेछ ।

(**ग**) सामाजिक योगदान भएका परोपकारी संघ संस्थाहरुलाई भवन निर्माणको लागि सार्वजनिक/ऐलानी जग्गा उपलब्ध गराईनेछ ।

## ११. यातायात तथा ट्राफिक व्यवस्थापन

(**क**) नयाँ बसपार्कलाई व्यवस्थित, सुरक्षित तथा आधुनिक तुल्याई यात्रु मैत्रि बनाईने छ ।

(**ख**) बसपार्कभित्र यात्रीहरुको लागि लकर र यात्री सेल्टरको स्थापना गरिने छ ।

(**ग**) फुटपाथहरुको अतिक्रमण रोकी सुरक्षित तवरले हिँड्ने व्यवस्था मिलाईनेछ । तीन पांग्रे सवारी साधनलाई महानगरमा दर्ताको प्रकृयामा ल्याई रुट निर्धारण र संख्याको सीमा निर्धारण गरिनेछ । ट्राफिक व्यवस्थालाई व्यवस्थित र सुरक्षित बनाईने छ ।

(**घ**) शहरका मुख्य स्थानमा ट्राफिक व्यवस्थापनका लागि ट्राफिक सिग्नल लाईट जडान गरिनेछ ।

ङ) सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामाग्रि भण्डारण र फुटपाथ पसलहरुको अनधिकृत प्रयोगलाई निषेध गर्दै उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ । नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरि सञ्चालन गरिनेछ ।

## १२. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

(**क**) लैङ्गिक तथा छुवाछुत जन्य विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(**ख**) महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाती र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

(**ग**) महिला हिंसा, बालयौन हिंसा, बाल विवाह जस्ता अपराध अन्त्य गर्न कार्यक्रम र जनचेतना अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) निकृष्ट बालश्रम निषेध गरिने र त्यस्तो कार्यमा लगाउनेलाई कारबाहिको दायरामा ल्याईनेछ ।

(**ङ**) महिनावारी सम्बन्धि स्वास्थ्य समस्या कम गर्न गरिब तथा विपन्न छोरीहरूको लागि दिईने निःशुल्क ‘स्यानटरी प्याड’ वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

(**च**) कमजोर आर्थिक अवस्थाका ज्येष्ठ नागरिकका लागि धार्मिक आस्थाअनुसार तीर्थ यात्रा, हज यात्रा तथा अन्य धार्मिक भ्रमणको व्यवस्था गरिने छ ।

(**छ**) मानव सेवा आश्रमसँगको सहकार्यमा वीरगंज महानगरलाई सडक मानव मुक्त नगर बनाइनेछ ।

(**ज**) महानगरपालिकाको बजेट तथा कार्यक्रममा Gender Auditing गर्ने व्यवस्था मिलाइनेछ ।

(**झ**) हिंसा पीडित महिला तथा बालबालिकाको लागि सरोकारवालाहरुको सहकार्यमा एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन गरिनेछ ।

(**ञ**) गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## १३. सहकारी

**(क)** सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याउनुका साथै कसुरजन्य कार्यमा संलग्न सहकारीलाई कारवाहिको दायरामा ल्याईनेछ । यसअघिका सम्पुर्ण सहकारीको अनुगमन गरी आवश्यक सहकारीलाई मात्र राख्ने र बाँकीलाई खारेज गर्ने निति लिईनेछ ।

**(ख)** उत्पादनमूलक सहकारीलाई बिउपूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनमा अनुदान दिने नीति लिइनेछ ।

**(ग)** महानगरभित्र स्थापना हुने कृषि समुह, निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।

**(घ)** सहकारीको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गर्दै साना तथा स्वरोजगारका अवसर सृजना गरि गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

**(ङ)** महानगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको प्रभावकारी रुपमा अनुगमन, नियमन र नियन्त्रणको कामलाई निरन्तरता दिँदै निष्कृय सहकारीहरुको पहिचान गरि नविकरण र खारेजी दुवै प्रकृया अगाडि बढाइनेछ ।

**(च)** महानगरभित्र दर्ता भई ५ करोडभन्दा माथी कारोवार गर्ने सम्पूर्ण सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी निवारण सूचना व्यवस्था प्रणाली (Copomiss) मा जोड्ने कार्यको थालनी गरिनेछ ।

**(छ)** बचतकर्ताको निक्षेप लिएर फरार हुने, लगानी दुरुपयोग गर्ने, निक्षेप फिर्ता नगर्ने सहकारीहरुलाई सहकारी ऐनअनुसार कारबाहीको प्रकृया अगाडि बढाइनेछ ।

## १४. न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन

**(क)** नगर न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरि प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरुको प्रबन्ध मिलाइनेछ ।

**(ख)** न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

**(ग)** नगर सभाबाट हालसम्म निर्माण भएका ऐन कानुनहरुलाई संग्रहित गरि स्थानीय कानुन संग्रह प्रकाशन गरिनेछ ।

**(घ)** मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरि प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

## १५. खेलकुद

**(क)** देशमै ख्याती कमाएको हाल संघ सरकार मातहत रहेको नारायणी रंगशाला र क्रिकेट मैदानको स्तरोन्नतीको लागि आवश्यक पहल गर्नुका साथै आदर्शनगर रंगशालामा आधुनीक घाँस लगाई खेलमैदानको स्तरोन्नती गरिनेछ ।

**(ख)** वीरगंजमा राष्ट्रिय स्तरको खेलकुद प्रशिक्षण संस्थान स्थापना गरि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको खेलकुद आयोजना गर्न प्रोहत्साहन गरिनेछ ।

**(ग)** राष्ट्रिय र अन्तर्राष्ट्रिय खेल प्रतियोगिताका पदक विजेता महानगरका खेलाडीलाई सम्मान र पुरस्कार प्रदान गर्नुका साथै वीरगंज महानगरमा उपयुक्त रोजगारीको व्यवस्था मिलाईनेछ ।

**(घ)** वीरगंज महानगरपालिकाद्वारा पालिका स्तरीय अन्तर पालिका U – 19 “वीरगंज कप” फुटबल र क्रिकेट प्रतियोगिता आयोजना गरिनेछ । साथै यस आ.व. २०७९/०८० मा भएका फुटबल प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

**(ङ)** महानगरका स्थानीय खेल संस्थाहरुसँग समन्वय गरि वीरगंजका प्रथम मेयर केशर प्रसाद मानन्धर अन्तर माध्यमिक विद्यालय फुटबल प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

**(च)** विषयगत खेल पुरस्कार राशिहरु स्थापना गर्दै जाने नीति लिइनेछ ।

**(छ)** वीरगंज १६ इनर्वामा कुस्ती प्रतियोगिताको लागि आवश्यक जग्गा छुट्याई विस्तृत अध्ययन गरी कार्य अगाडि बढाईनेछ ।

**(ज)** वीरगंजमा राष्ट्रिय पौडि प्रतियोगिता आयोजना गरिनेछ ।

**(झ)** विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनःस्थापनाको वातावरण बनाइनेछ ।

**(ञ)** वैदेशिक रोजगारीबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशिलता विकासका लागि प्रोत्साहनमुखि कार्यक्रम संचालन गरिनेछ ।

**(ट)** युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन, बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख बन्न प्रेरित गरिनेछ ।

**(ठ)** युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशिल क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

## १६. सूचना प्रविधि तथा संचार

**(क)** महानगरपालिकाको सूचनामा सबैको पहुँच स्थापना गरिने छ ।

**(ख)** नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र अनिवार्य गरिने छ ।

**(ग)** महानगरमा दर्ता तथा संचालनमा रहेको संचार माध्यमको लागि समानुपातिक ढंगले वितरण हुने लोक कल्याणकारी विज्ञापनको व्यवस्था लाई निरन्तरता दिईनेछ ।

**(घ)** व्यवसायिक संचारकर्मीको क्षमता अभिबृद्धिका लागि कार्यक्रम ल्याईनेछ ।

**(ङ)** अध्ययन अनुसन्धानका लागि पत्रकारलाई अध्ययन र फेलोसिपको व्यवस्था गरिने छ ।

**(च)** कार्यक्षेत्रमा उत्कृष्ट काम गर्ने पत्रकारलाई पुरस्कृत तथा सम्मानित गरिने छ ।

**(छ)** पत्रकार महासंघ पर्साको सहकार्यमा स्थानीय संचार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र महानगरपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, नगरका निर्णय तथा सूचनाहरुमा संचार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।

**(ज)** आमसंचारको दर्ता, नवीकरण, सूचिकरण सम्बन्धि दर रेट निर्धारण गरि उक्त कार्यको यसै आ.व. देखि थालनी गरिनेछ ।

(**झ**) संघीय र प्रदेश सञ्चार मन्त्रालयसँग समन्वय र सहकार्य गरि प्रेस कार्ड वितरण गर्ने प्रकृयालाई अगाडि बढाइनेछ ।

(**ञ**) नेपाल पत्रकार महासंघ पर्साको संस्थागत विकासका लागि सहयोग उपलब्ध गराइनेछ ।

(**ट**) पत्रकारिता तथा आमसंचार विषयमा स्नातकोत्तर अध्ययन गर्न चाहने श्रमजिवी पत्रकारलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

(**ठ**) सञ्चारसँग सम्बद्द विभिन्न प्रतिष्ठान लगायतका अक्षयकोषमा सहयोग उपलब्ध गराईनेछ ।

(**ड**) महानगरका विभिन्न स्थानमा निःशुल्क ईन्टरनेटको व्यवस्था गरिने छ ।

(**ढ**) आजीवन पत्रकारीता गरेका जेष्ठ पत्रकारलाई भत्ताको व्यवस्था मिलाईनेछ ।

(**ण**) राष्ट्रिय समाचार समितिबाट नेपाली र अंग्रेजी भाषामा मात्रै समाचार बुलेटीन प्रकाशीत/प्रशारीत हुँदै आएकोमा वीरगंज महानगरको सहयोगमा भोजपुरी भाषामा पनि बुलेटीन प्रकाशन/प्रशारण गराउने निति लिईएको छ ।

**नगर सभा सदस्यहरुज्यूहरु,**

यस नगरसभाको १३ औँ अधिवेसनमा उत्साहपूर्वक रुपमा सहभागि हुनुभएकोमा यहाँहरु प्रति आभार प्रकट गर्न चाहान्छु । यो निति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सवैको सहयोग एवं सदभाव प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ! नमस्कार !!